सप्तरी जिल्ला अदालत, राजविराज

[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९
टोल फ्री नं. १६६०३१५२००५

सूचना ! सूचना ! ! सूचना ! ! !

मिति २०७८।३।११ गते शुक्रबार

यस अदालतवाट प्रदान गरिने न्यायिक सेवाहरूको हकमा मिति २०७८।१।१९ गते देखि सेवा संकुचन गरी सेवा प्रवाह गरिदै आएको र पुनः मिति ०७८।२।३१ मा प्रकाशित सूचना अनुसार मिति ०७८।३।११ गतेसम्म पूर्ववतरुपमा तोकिएका सेवाहरु मात्र सुचारु गरिदै आएकोमा जिल्लाभित्र निषेधाज्ञा यथावत कायम रहेको र कोरोना संक्रमणसमेत हाल नियन्त्रणमा आई नसकेको अवस्था हुँदा सो सन्दर्भमा यस अदालतको मिति २०७८।३।११ गते बसेको पूर्ण बैठकबाट देहायबमोजिम सेवा सुचारु गर्ने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट आम सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति अदालत प्रशासन क्षमाप्रार्थी छ । यस सूचनाका सम्बन्धमा कुनै दुबिधा भए यस अदालतको टोल फ्रि नम्बर १६६०३१५२००५ र ०३१-५३००९४ मा सम्पर्क गरी जानकारी लिन सकिनेसमेत जानकारी गराइन्छ ।

०७८।३।११।६

(कुमार मास्के)
श्रेस्तेदार (उप-सचिव)

<u>अदालतबाट हाल सूचारु भएका सेवाहरु</u>

- मिति ०७८।३।१३ गते आइतबारदेखि टोकन प्रणालीका आधारमा दैनिक ७ (सात) वटा सम्म फिराद पत्र दर्ता र साथै पेश भएका निवेदनको सुनुवाई गर्ने,
- विशेष प्रकृतिका निवेदनहरुमध्ये दर्ताद्वारा विवाह र अधिकृत वारेसनामा सम्बन्धी निवेदन दर्ता र सो उपरको कारवाही गर्ने,
- उल्लेखित सेवाबाहेक अन्य सेवाहरुका हकमा यस अदालतको मिति ०७८।२।३१ को सूचना बमोजिम नै मिति २०७८।३।१८ गते शुक्रबारसम्म यथावतरुपमा निरन्तरता दिई सेवा प्रवाह गर्ने ।
- उल्लेखित सेवाहरुबाहेक यस अदालतबाट भएका मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधिसम्म स्थगन गरिने र सूचना अवधीभर हदम्याद, म्याद र तारिख नगुज्रिने,
- मिति ०७८।३।१८ गते अगावै नेपाल सरकार, सर्वोच्च अदालत वा स्थानीय प्रशासनबाट कुनै निर्णय भई परिस्थितिमा परिवर्तन हुन गएमा पुनः निर्णय गरी सो बमोजिम सेवा प्रवाह सम्बन्धी अर्को सूचना प्रकाशन गरिनेछ ।